श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

## सूचना

निर्वाचन आयोगको सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८. २ को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले प्रशासन व्यवस्था विभागको अतिरिक्त समूहको राजपत्राँकित प्रथम श्रेणी (प्रशासन) मा पदाधिकार कायम भएका श्री तेजबहादुर प्रसाईलाई मिति २०३४।१०।१४ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले–
कृष्णबहादुर मानन्धर
श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

## सूचना

राष्ट्रिय योजना आयोगको सचिवालयका सचिव श्री शिवनारायणदास फिलिपिन्स, दक्षिण कोरिया र सिंगापुरका विकास योजनासम्बन्धी अध्ययन भ्रमणको लागि जानु-भएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही सचिवालयको सह–सचिव श्री मदनमान अमात्यलाई मिति २०३४।१०।२१ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले–
कृष्णबहादुर मानन्धर
श्री ५ को सरकारको मुख्य सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।